# जिल्लाको संक्षिप्त परिचय

नेपालको पूर्वी क्षेत्रको मध्यपहाडी २२ जिल्लाहरू मध्ये एउटा जिल्ला खोटाङ हो ।१,५९१ वर्गकिलोमिटर क्षेत्रमा फैलिएको खोटाङ समुन्द्र सतहबाट करीव १५२ मिटरदेखि ३,६२०(लौरेडाँडाँ) मिटरसम्मको औषत उचाईमा रहेका छ । प्राकृतिक पर्वतमाला पूर्वमा भन्ज्याङ्बर्क,धिन्ताङ,हलहले-कपासे, सेल्मे-टेम्के, मैयू, मेरुङ, धोद्रे, लौरेडाँडा, साल्पा-सिलिचुङबाट दक्षिण पश्चिम पहाडी ढालहरू हुँदै दुधकोशी/सुनकोशी नदीमा ओर्लिएर टुङ्गिएको भूगोल हो । मध्य पहाडी क्षेत्रको उच्चतम चुचुराहरू साल्पा-सिलिचुङ, लौरेडाँडाँ, मयुङ, मेरुङ, टेम्के, सेल्मे जस्ता मनोरम र सुन्दरताले भरिएको यो जिल्ला उर्वर पहाडी भू-भाग छ । रावा, साप्सु, तावा, सावा जस्ता ठूला र थुप्रै मझौला खोलाहरूले बनाएको बेशीका फाँटहरू, अलेख चौरीका फाँटहरू, चरीचरन र सिमसारहरू, हरियाली वनहरू खोटाङको परिचय हो । लालिगुराँस, चिमाल, चाँप, लेकाली धुपी सल्लाले उत्तरी क्षेत्रलाई सोभायमान बनाएको छ । लेकक्षेत्रमा ढाल्ने, मुसुरे कटुस, ढयाङ्ग्रे, गोब्रे सल्ला जस्ता रुखहरू र मध्यक्षेत्रमा उतिस सानो कटुस आदि दक्षिणी क्षेत्रमा खयर, साल सखुवा जस्ता मूल्यवान वन सम्पदाले भरीपूर्ण रहेको खोटाङ वास्तवमै प्राकृतिक श्रोत, साधन र सौन्दर्यले सु-सज्जित रहेको छ ।

माझकिराँतको रुपमा परिचित यो क्षेत्र राणाकालिन समयमा मझुवा थुम, आमचोक थुम, खोटाङ थुम, छुलुवार थुम, सावा थुम, दिप्लुङ थुम, चुईचुम्मा थुम र रतन्छा थुमको मुद्दा मामिला हेर्नेगरी खोटाङबजारमा स्थापना भएको ईलाका अदालतले यस क्षेत्रमा जग्गा रजिष्ट्रेशन गर्ने कार्य गर्दथ्यो । २००७ सालमा प्रजातन्त्रको उदय पश्चात २०१३ सालमा खोटाङमा त्रिभुवन ग्राम विकासको स्थापना गरिएपछि मझुवा थुम, खाम्तेल थुम, हलेशी थुमर रावा थुमका जनताको विकास प्रशासन पनि खोटाङबजारबाटै हेरिन थालियो । तर प्रशासकीय अधिकार भने साप्सु खोलादेखि पूर्वतर्फका सिक्तेल लगायत नौ थुमको पूर्व ४ नं. भोजपुर गोश्वाराबाट र मझुवा लगायत चार थुमको पूर्व ३ नं. ओखलढुङ्गा गोश्वाराबाट हेर्न थालियो । त्यसपछि ओखलढुङ्गा ईलाका अदालतबाट विभाजन गरी मझुवा, खाम्तेल, हलेशी र रावा थुमका न्याय प्रशासन ऐसेलुखर्क ईलाका अदालतले हेर्ने ब्यवस्था भयो । दुईवटा छुट्टाछुट्टै जिल्लाबाट गरिने प्रशासकीय र न्यायिककार्यहरू बाहेक विकास प्रशासन र शान्ति सुरक्षाको काम भने तीन प्रहरी कार्यालयले गरेको थियो ।

२०१७ सालमा पञ्चायत शासन ब्यवस्थाको शुरुवातसंगै २०१९ सालको नेपालको संविधान घोषणा हुँदा खोटाङबजारद्वारा हेरिने आम्चोक र सिक्तेल थुम भोजपुरले हेर्ने, रावापारीका क्षेत्र सोलुखुम्बुले हेर्ने र बाँकी खोटाङले हेर्नेगरी खोटाङ जिल्लाको नामले जिल्ला विभाजन भयो र खोटाङ जिल्लाको सदरमुकाम दिक्तेल तोकियो । खोटाङबजारमा रहेको जिल्ला पञ्चायत र शिक्षा प्रशासन हेर्ने काम २०२० सालमा दिक्तेलमा सारियो । २०२२ सालमा तत्कालिन श्री ५ को सरकारले खोटाङ अदालत दिक्तेलमा र ऐसेलुखर्कको अदालत सोलु सल्लेरीमा सार्ने निर्णय गर्यो ।

तत्पश्चात क्रमशः अन्य कार्यालयहरू सदरमुकाम दिक्तेलमा स्थापना भएको हो ।

नेपालको सविधान २०१९ (तेश्रो संशोधन २०३२) ले खोटाङ जिल्लाको सिमाना पुनः हेरफेर गर्यो जसअनुसार भोजपूर जिल्लाको बोपुङ्ग, भञ्ज्याङखर्क, काहुले तथा सोलु जिल्लाको बाकाचोल, पारा, जलेश्वरी, महेश्वरी, धारापानी, डुम्रे, दुवे, माक्पा, वाङ्गदेल, राखा-वाङ्देल, ऐसेलुखर्क, दिप्सुङ्ग लगायत १५ गाउँपञ्चायत खोटाङ जिल्लामा गाभिन गई जम्मा ७६ गाउँपञ्चायत कायम हुन पुगेको हो । हालसम्म यही जिल्लाको सिमाना कायम छ ।

नेपालमा २०४६ सालमा प्रजातन्त्र आइसकेपछि नेपालको संविधान २०४७ जारी भयो । सो संविधानले ७५ जिल्ला कायम गर्दा खोटाङ जिल्ला विकास समिति र स्थानीय निकायको रुपमा ७६ गाउँ विकास समिति कायम भयो । ७६ गाविसमा ६८४ वार्डहरू कायम गरिएको थियो । सो संरचनामा २०४९ र २०५४ सालमा २ पटक ५ वर्षको लागि निर्वाचन भइ १० वर्ष कार्यकाल पूरा भएको थियो ।

पछिल्लो कालखण्डमा २०६२/६३ को दोश्रो जनआन्दोलनले २०६५ साल जेष्ठ १५ गते नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भयो । नेपालको संविधान २०७२ जारी भएपछि नेपालको राज्यको पुनःसंरचना भइ संघ, प्रदेश र स्थानीय तह निर्माण भयो । स्थानीय तहमा ७७ जिल्ला र ७५३ स्थानीय तह निर्माण भएको छ । खोटाङमा खोटाङ जिल्ला समन्वय समिति र २ वटा नगरपालिका र ८ वटा गाउँपालिका हुन पुग्यो । दुई नगरपालिकामा दिक्तेल रुपाकोट मझुवागढी र हलेसी तुवाचुङ भए भने आठ गाउँपालिकामा ऐसेलुखर्क, केपिलासगढी, रावाबेशीं, साकेला, दिप्रुङचुइचुम्मा, खोटेहाङ, जन्तेढुङ्गा र बाराहापोखरी बनेको छ । यी दश पालिका भित्र ७९ वटा वार्डहरू कायम हुन पुगेको छ ।

खोटाङ जिल्लाको जनसङ्ख्या २०७८ को जनगणना अनुसार कुल १,७५,२९८ जना रहेकोमा विगत १० वर्ष वा २०६८ को जनगणना हेर्दा जनसंख्या बृद्धिदर—१.५६% प्रतिशतमा घटेको (३१,०१४) छ । बसोबासको हिसावले प्रति वर्गकिलो मिटरमा जनघनत्व ११० जना रहेको छ ।

खोटाङको कुल जनसङ्ख्या मध्ये राई ४१% ७१,८४२, क्षेत्री १९.१% ३३,५४१, ब्राम्हाण ५.६% ९,८५२, नेवार ५.२% ९,१५१, मगर ५.२% ९,१००, बिश्वकर्मा ५% ८,६९७, तामाङ ४.९% ८,५८४, मिझार ३.२% ५,६५७, परियार ३% ५,२७२, घर्ती/भुजेल १.८% ३,१९४, अरु ६% १०,४०८ गरी जम्मा जनसङ्ख्या १,७५,२९८ रहेको छ । धर्म अनुसार हिन्दु ५२.२%, किरात ३६.२%, बौद्ध ८.२%, क्रिश्चियन ३.१% तथ्याङ्कले देखाएको छ । भाषा अनुसार नेपाली ४७.६%, चाम्लिङ १७.५%, मगर ढुट ४.५%, तामाङ ३.९%,बान्तावा ३.८%,साम्पाङ ३.६%, दुमी २.७%, नेवारी २.३%, पुमा २.१%, अन्य १२% रहेको देखिन्छ ।

माझकिराँतको रुपमा परिचित खोटाङ यातायातको दृष्टीले ज्यादै द्रुतगतिमा अघि बढिरहेको र पूर्वाधार विकासको दृष्टीले पनि अघि लम्किरहेको जिल्ला हो । सडकहरू हजारौ किलोमिटर खुलिसक्यो भने अव त्यसको स्तरोन्नती हुँदैछन् । हजारौं सङ्ख्यामा

विभिन्न प्रकारका सवारी साधनहरू सन्चालनमा छन् । जिल्ला अस्पताल लगायत नगर अस्पताल र गाउँपालिका स्तरीय आधारभूत अस्पतालहरू सन्चालन र निर्माण हुने क्रम जारी छ आधारभूत उपचार सेवाको विस्तारसंगै गुणस्तरीय उपचार सेवाको लागि प्रयासरत छन् । शिक्षाक्षेत्रमा पक्की भवनहरू निर्माण हुँदैछन भने विद्यालयहरू नयाँ प्रविधि तर्फ अग्रसर छन् । सन्चारको क्षेत्र झनै नयाँ डिजीटल युगमा प्रबेस गर्दैछन् । नयाँ-नयाँ प्रविधिहरूले हामीलाई जबरजस्त लतारिरहेको अवस्था छ । सवै वार्डमा विद्युतको बिस्तारसंगै गुणस्तरलाई ध्यान दिन थालिएको छ । खानेपानी सवै नागरिकलाई पुर्याउने काम भैरहेको छभने खानेपानीको गुणस्तरमा ध्यान दिन थालिएको छ । यसैगरी सामाजिक सुरक्षालाई ब्यवस्थित गर्न तीनै तहका सरकारहरू लागि परेकाछन् । कृषि क्षेत्रको विकासमा तेतिनै लगानी भएको छ । कृषि उत्पादनलाई बढावा दिने र बजारीकरणको व्यापक खोजी र बिस्तार भइरहेको छ । यसरी तमाम विकासका अवयवहरूलाई वर्तमान जनप्रतिनिधिहरू, राजनीतिक दल, कर्मचारी, शिक्षक, बुद्धिजीबि, विकास र सामाजिक अभियन्ताहरू नयाँ जोस र होसका साथ खोटाङलाई समृद्ध र सुखी बनाउन प्रत्यक्ष र अप्रत्यक्षरुपमा अघी बढिरहेकाछन् ।